# सान्जेन जलविद्युत कम्पनी लिमिटेड
# महाराजगंज, काठमाडौं ।

बिक्रम सम्बत २०७६ साल पौष १६ गते बुधबारका दिन
सान्जेन जलबिद्युत कम्पनी लिमिटेडको
स्मार्ट क्याफे, धुम्बाराही, काठमाडौंमा सम्पन्न भएको

## नवौं वार्षिक साधारण सभाको निर्णय पुस्तिका

१. **पृष्ठभूमि**

यस कम्पनीको मिति २०७६/०८/२७ मा बोलाइएको साधारण सभामा कम्पनीको नियमावलीमा ब्यवस्था भए बमोजिमको गणपूरक संख्या नपुग भएको कारणबाट स्थगित भइ उक्त नवौं साधारण सभा सञ्चालक समितिको १९४औं बैठकको निर्णयानुसार मिति २०७६/०९/१६ गते (तदनुसार जनवरी १, २०२०) बुधवार दिनको ११:०० बजे स्मार्ट क्याफे, धुम्वराही काठमाडौंमा सञ्चालक समितिका अध्यक्ष श्री मनोज सिलवालज्यूको अध्यक्षतामा साधारण सभाको बैठक बसेको थियो । उक्त सभामा कम्पनी सचिवले सवै सञ्चालक पदाधिकारी तथा शेयरधनीहरुलाई स्वागत गर्दै आसन ग्रहण गराउनु भयो । तत् पश्चात अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिवले नवौं वार्षिक साधारण सभाको कार्यक्रम संचालन गर्नु भयो ।

(क) **सभाको सूचना तथा प्रकाशनः**

कम्पनीको नवौं वार्षिक साधारण सभा सम्वन्धी सूचना र छलफल हुने बिषयहरुको सूची तथा कम्पनी ऐन २०६३ को दफा ८४ अनुसारको संक्षिप्त आर्थिक विवरणहरु, सूचना तथा वार्षिक प्रतिवेदन शेयरधनीहरुको सुविधाको लागि कम्पनीको वेभ पेज www.sjcl.com.np मा समेत हेर्न मिल्ने व्यवस्था गरिएको थियो ।

मिति २०७६/०८/३० गते आर्थिक अभियान दैनिकमा सूचना प्रकाशन गरी सबै शेयरधनीहरुलाई साधारण सभामा भाग लिन आमन्त्रण गरिएको थियो । सो सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्सचेन्ज लि. मा समेत जानकारी गराइएको थियो ।

(ख) **उपस्थितिः**

(अ) **संचालकहरुको उपस्थितिः**

| | |
|---|---|
| १. श्री मनोज सिल्वाल | अध्यक्ष |
| २. श्री लोकहरी लुईटेल | सञ्चालक |
| ३. श्री शान्ती लक्ष्मी शाक्य | सञ्चालक |
| ४. श्री नारायण प्रसाद आचार्य | सञ्चालक |
| ५. श्री गुणराज श्रेष्ठ | सञ्चालक |

(आ) **कम्पनी रजिष्ट्रारको कार्यालयको प्रतिनिधि तथा लेखापरिक्षकको उपस्थितिः**

| | |
|---|---|
| श्री कम्पनी रजिष्ट्रारको कार्यालयको | प्रतिनिधि श्री राजन बस्नेत,श्री मदन नारायण मल्लिक |
| श्री लेखापरिक्षक | श्री प्रतिक खनाल |
| श्री सनराइज क्यापिटल लि. प्रतिनिधि | श्री विजयलाल श्रेष्ठ |
| श्री नागरीक लगानी कोष प्रतिनिधि | श्री रोशन जंग कार्की , देव नारायण गुँरागाँइ |

(इ) **साधारण सभामा संस्थापक शेयधनीहरुको तर्फको उपस्थिति**

| क्र.सं. | संस्थापक शेयरधनीहरुको नाम | शेयर कित्ता संख्या | प्रतिनिधि | प्रतिशत |
|---|---|---|---|---|
| १. | चिलिमे जलविद्युत कम्पनी लि. | १४३६६४४९ | श्री ध्रुव राज न्यौपाने | ४३.७३ |
| २. | नेपाल विद्युत प्राधिकरण | ३७८१४३० | श्री गणेश प्र. लुइटेल | ११.५१ |

(ई) कम्पनीको शेयर दाखिल खारिज बन्द भएको मिति २०७६/०९/०८ सम्म कायम ४३२२३७ शेयरधनीहरु मध्ये सर्वसाधरण शेयधनीहरुको तर्फको उपस्थिति :

| क्र.सं. | सर्वसाधारण समुह अन्तर्गतका शेयरधनीहरु | शेयर कित्ता संख्या | उपस्थित शेयरधनी संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १. | सर्वसाधरण शेयरधनीहरु | ५३४०९ | २९६ | ०.६८ |

**पदाधिकारीहरुः**

| | | |
|---|---|---|
| १. | किरण कुमार श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत |
| २. | मुरली प्रसाद शर्मा | कानुनी सल्लाहाकार |
| ३. | सुशान्त बास्तोला | कम्पनी सचिव |
| ४. | अर्पण बहादुर सिंह | आयोजना प्रमुख सान्जेन(४२.५ मे.वा.) |

(ग) **सभामा छलफलका लागि प्रस्ताव गरिएका विषयहरुः**

साधारण सभामा निम्न साधारण विषयहरु छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएका थिएः

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा आर्थिक वर्ष २०७५/७६ को वार्षिक प्रतिवेदनको प्रस्तुति

२. आ.व. २०७५/७६ को लेखापरीक्षण प्रतिवेदन सहित २०७५/०३/३२ को वासलात र आर्थिक वर्ष २०७५/७६ को नाफा/(नोक्सान) हिसाव तथा नगदप्रवाह विवरण सहितका वित्तीय विवरण उपर छलफल गरी गारित गर्ने ।

३. आ.व. २०७५/०७६ का लागि बैधानिक लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण ।

४. **बिषेश प्रस्तावः**

क) प्रबन्धपत्र तथा नियमावली संसोधन ।

५. बिबिध ।

सान्जेन जलविद्युत कम्पनी लि.
SANJEN JALAVIDHYUT CO. LTD.
ESTD 2010

(घ) **सभाको बैधानिकता:**

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ मा भएको प्रावधान अनुसार साधारण सभा गर्न ऐन तथा कम्पनीको नियमावली बमोजिम निर्दिष्ट गणपुरक संख्या ५५.९२% पुगेको कुरा कम्पनीको शेयर रजिष्ट्रारबाट जानकारी पाएका कुरा सभामा जानकारी दिनुका साथै सभा प्रारम्भ गर्न अनुमति माग गर्दा उपस्थित शेयरधनीहरुको सभावाट गणपुरक संख्या पुगेको र सभा रितपूर्वक बोलाइएको ठहर गरी विधिवत रुपमा सभा संचालन गर्ने निर्णय भयो । यस बार्षिक साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष श्री मनोज सिल्वालज्यूले गर्नु हुने कुरा पनि सभामा जानकारी गराइयो । त्यसपछि विषयसूची अनुसार सभाको कार्यक्रम प्रारम्भ भयो ।

(ङ) **सभा संचालन तथा प्रस्ताव उपर छलफल:**

विषयसूची अनुसार साधारण सभाको कार्यक्रम संचालन गर्न अध्यक्षज्यूबाट अनुमति प्राप्त भएपछि कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री मनोज सिल्वालज्यूलाई कम्पनीको आ.व. २०७५/७६ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गर्नु भयो । तत्पश्चात अध्यक्षज्यूले सञ्चालक समितिका तर्फबाट आ.व. २०७५/७६ को वार्षिक प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो । अध्यक्षज्यूबाट वार्षिक प्रतिवेदन प्रस्तुत भएपछि शेयरधनीहरुलाई उपलब्ध गराइएको लेखापरिक्षण प्रतिवेदन सहितको आ.व. २०७५/७६ को आर्थिक विवरण तथा बार्षिक प्रतिवेदन उपर आ-आफ्नो राय, प्रतिक्रिया तथा सुझाव राख्न तथा सो सम्बन्धमा छलफल गर्न अनुरोध गरिएको थियो ।

२. **शेयरधनीहरुबाट प्राप्त राय तथा सुझाव:**

अध्यक्षज्यूले कम्पनीको आ.व. २०७५/७६ को वार्षिक प्रतिवेदन प्रस्तुत गरिसकेपछि शेयरधनी/शेयरधनीका प्रतिनिधिहरुको तर्फबाट उक्त प्रतिवेदन उपर धारणा राख्दै निम्न शेयरधनीहरुले निम्न बमोजिमका राय सुझाव र प्रतिकृया एंव जिज्ञासा राख्नु भएको थियो:

**डम्बर बल्लभ घिमिरे** - उहाँले कम्पनीले समयमा नै आर्थिक विवरण पेश गरेकोमा धन्यवाद दिनु हुँदै आगामी साधारण सभामा कम्पनी अन्तरगतका आयोजनाहरु सम्पन्न भई ११औ साधारण सभामा प्रतिफल प्राप्त हुने गरी आयोजना निर्माणका काम कारवाहीहरु सोही बमोजिम गर्नु पर्ने भनि सुझाव प्रस्तुत गर्नु भयो । साथै कम्पनीको वर्तमान सञ्चालक समितिमा के-कसरी प्रतिनिधित्व भएको हो सो स्पष्ट गर्न अनुरोध गर्नु भयो ।

**शिव प्रसाद पौडेल** - कम्पनीले तयार गरेको आयोजनाहरुको प्रगति झल्कने श्रब्यदृष्य सामाग्रीले लगानीकर्तालाई आफ्नो लगानीको अवस्था के-कस्तो छ भनी जानकारी लिन सहज भएको बताउनु भयो । आयोजनाको ८५% निर्माण सम्पन्न भई सकेको अवस्थामा बाँकी १५% निर्माण कार्य यसै आर्थिक वर्षको अन्त्य सम्ममा सम्पन्न हुने आधारहरुका बारेमा जिज्ञासा राख्नु भयो । कम्पनीले आयोजना प्रभावित क्षेत्रमा गरेका सामाजिक उत्तरदायित्वका कार्यहरु के-कसरी कुन क्षेत्रमा भएको हो सो स्पष्ट रुपमा उल्लेख गर्न सुझाव दिनु भयो । साथै आगामी साधारण सभाको पुस्तीका निर्माण गर्दा शेयरधनीको उपस्थिति झल्कने फोटोहरु समेत समावेश गर्न अनुरोध गर्नु भयो । यसको साथै आगामि साधारण सभामा सञ्चालकहरुको प्रतिनिधित्व गर्ने संस्था र सञ्चालक सम्बन्धमा समेत पूर्व जानकारी गराउनु पर्ने भनि सुझाव प्रस्तुत गर्नु भएको थियो ।

**भक्ती प्रसाद उप्रेती** - उहाँले ईस्वी सम्बत २०२० को पहिलो दिन भएकाले उपस्थित सबैमा २०२० को शुभकामना दिनु हुँदै आयोजना सम्पन्न हुँदा प्रशारण लाइनको अवस्था के हुन्छ भनी चिन्ता व्यक्त गर्नु भयो। साथै कम्पनीको शेयर मूल्य दिनानु दिन घट्ने क्रममा रहेता पनी समग्रमा आयोजना किफायती उच्च प्रतिफल दिन सक्ने रहेको जिकिर गर्नु भयो।

**कृष्ण प्रसाद अधिकारी** - उहाँले कम्पनीले आयोजना प्रभावित स्थानीय रसुवावासीका लागि छुट्याएको शेयर निष्काशनका सम्बन्धमा जिज्ञासा राख्नु हुँदै कम्पनीको आर्थिक प्रतिवेदन नेपालीमा भए राम्रो हुने हुँदा तेतातिर ध्यान दिन सुझाव दिनु भयो।

**अर्जुन कुमार ढुङ्गेल** - साधारण सभाको सभा हुने स्थान परिचित ठाउँ भए सहज रुपमा पुग्न सकिने भन्दै कम्पनीले चिलिमे जलविद्युत कम्पनीलाई तिर्दै आएको जग्गाको भाडाका कारण Conflict of Interest रहेको जस्तो देखिन आएकोले भाडामा प्रयोग गरिएका जग्गाहरु खरिदको प्रकृयामा जान सुझाव दिनु भयो।

**चन्द्र नारायण श्रेष्ठ** –

कम्पनी हाल निर्माणाधिन अवस्थामा रहेकोले ब्याज आम्दानी तथा अन्य आम्दानी प्राप्त गरेको श्रोत सम्बन्धमा जिज्ञासा राख्नु भयो र सामाजिक उत्तरदायित्व कार्यक्रममा गरिने खर्चहरु आयोजनाले उत्पादन शूरु गरिसके पछी गर्न उपयुक्त हुने सुझाव दिनु भयो र यस कम्पनिले आगामि दिनमा छिटो भन्दा छिटो बिद्युत उत्पादन गरी थप आयोजना निर्माण गरी विदेशमा निकासी गर्न सक्ने कम्पनीको रुपमा स्थापित हुन सकोस भनि शुभकामना समेत ब्यक्त गर्नु भएको थियो।

**प्रमोद प्रसाद नेपाल**

कम्पनी अन्तरगत निर्माणाधिन सान्जेन माथिल्लो ज.वि.आ. ले NICE award प्राप्त गर्न सफल भएकोमा उक्त कुरा गर्व गर्न लायक भनि कंपनीको प्रशंसा गर्नु भयो र कम्पनीले निर्माण गरिरहेको आयोजनालाई चाडो भन्दा चाडो सम्पन्न गर्न प्रयास गर्नु पर्ने सुझाव दिनु भयो। संचालक समितिको संख्या Small is Beautiful हुने जसले गर्दा निर्णय प्रकृया समेत सहज हुन जाने भनि सोही बमोजिमको सञ्चालक समितिको संरचना उपयुक्त हुने धारणा प्रस्तुत गर्दै कम्पनीले खर्च ब्यवस्थापनमा मितब्ययिता अपनाउनु पर्ने भनि सुझाव पनि दिनु भयो।

३. **सञ्चालक समितिका अध्यक्ष श्री मनोज सिल्वालज्यूको जवाफः**

प्रस्तुत शेयरधनीको राय सुझाव र जिज्ञासा तथा सुझाव सम्बन्धमा सञ्चालक समितिका अध्यक्षज्यू ले प्रस्ट पार्दै निम्न बमोजिम जवाफ दिनु भयोः

कम्पनीले स्थानियवासी रसुवाको लागि छुट्याइएको ३६ लाख ५० हजार कित्ता शेयर निश्कासनका लागि प्रकृया अगाडि बढाइसकिएको जानकारी गराउनु भयो। कम्पनीको नवौ वार्षिक प्रतिवेदनको पुस्तिकाका सम्बन्धमा शेयरधनीको सुझाव अनुरुप आगामी दिनमा थप सुधार गरिने जानकारी दिनु भयो।

यसै गरी आयोजना सम्पन्न हुने अवधि सम्बन्धमा निर्माण कार्यमा सम्बद्ध ठेकेदारहरुबाट प्राप्त Detail Time Program-DTP, हालका दिनमा परिचालन भएको कामदार, निर्माण उपकरण, सामाग्रीहरु र हासिल भई रहेको

भौतिक प्रगतिका आधारमा र परामर्शदाताबाट प्राप्त राय सुझावको आधारमा सान्जेन माथिल्लो ज.वि.आ. चालु आ.व. २०७६/७७ मसान्त सम्म सम्पन्न गर्ने लक्ष्य अनुरुप आयोजनाको काम कारवाहीहरु अगाडि बढाइएको र यसैगरी सान्जेन जलबिद्युत आयोजना आगामि आ.व. २०७७/७८ को अन्ततिर सम्पन्न गर्ने लक्ष्य अनुरुप काम कारवाहीहरु अगाडि बढाइएको जानकारी गराउदै उक्त अवधिमा आयोजना निर्माण कार्य सम्पन्न गर्ने भनि प्रतिवद्धता समेत जनाउनु भयो।

आयोजना निर्माण सम्पन्न भई सक्दा आयोजनाको लागत विविध कारण (आयोजना निर्माणका लागि लिइएको ऋणको निर्माण अवधिको व्याज, विदेशी मुद्रामा भएको मुद्रा स्फ्रीती, नाकाबन्दी, भुकम्प, स्थानीय अवरोध, निर्माण सामाग्रीमा भएको मूल्य बृद्धि) आदी जस्ता कारणले गर्दा शुरुको लागत अनुमानमा केही बढ्न जाने जानकारि गराउनु भयो र आयोजना अझै लगानीका लागि आकर्षक रहेको जिकिर गर्नु भयो।

सञ्चालक समितिको ब्यवस्था संसोधन सम्बन्धमा नियमावली संसोधनको लागि प्रस्ताव गरिएको उपर थप स्पष्ट गर्न गर्न शेयरधनीहरुबाट अनुरोध भएकोमा अध्यक्षज्यूबाट उक्त ब्यवस्था प्रचलित कम्पनी ऐन तथा सञ्चालकहरुको प्रतिनिधित्व सम्बन्धि ब्यवस्था थप स्पष्ट गर्ने प्रयोजनको लागि उक्त संसोधन आवश्यक भएको कुरा सभा समक्ष थप स्पष्ट पार्नु भयो।

शेयरधनीहरुको तर्फबाट संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम सम्बन्धमा जिज्ञासा प्रस्तुत भएकोमा अध्यक्ष ज्यूबाट उक्त कार्यक्रमहरु आयोजनाका निर्माण कार्यमा सहजता आयोस र स्थानिय वासिको साथ सहयोग निरन्तर रहि रहोस भन्ने अभिप्रायले कम्पनीले सो अन्तगरगतका कार्यक्रमहरु आफै गर्ने गरेको जानकारी गराउनु भयो।

४. **निर्णयहरु:**

शेयरधनीबाट उठाइएका जिज्ञासा तथा प्रश्नहरुका सम्बन्धमा अध्यक्ष श्री मनोज सिल्वालज्यूबाट स्पष्ट पार्ने कार्य सकिएपछि कम्पनीका कम्पनी सचिवले साधारण सभाको विषयसूचीमा उल्लेख भए बमोजिम प्रस्तावहरु स्वीकृतिका निमित्त क्रमशः प्रस्ताव राख्नु भयो र सभाबाट देहाय बमोजिम निर्णय भयो :

क. साधारण सभा समक्ष प्रस्तुत भएको आ.व. २०७५/७६ को सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुतव बार्षिक प्रतिवेदन माथिको छलफल र त्यसमा शेयरधनीहरुको तर्फबाट राय प्रतिकृया व्यक्त गर्ने कार्य सम्पन्न भई अध्यक्षज्यूबाट शेयरधनीहरुको जिज्ञासामा स्पष्ट पार्ने कार्य समेत सकिएकोले उक्त आ.व. २०७५/७६ को बार्षिक प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभाबाट उक्त प्रतिवेदन सर्व सम्मतिबाट पारित गर्ने निर्णय भयो।

ख. लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको आ.व.२०७५/७६ को लेखापरीक्षीत बित्तीय विवरणहरु (२०७५ साल आषाढ३२ गतेको वासलात र आ.व. २०७५/७६ को नाफा र नोक्सान हिसाव, नगद प्रवाह विवरण र अनुसूचीहरु) स्वीकृतीको लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट उक्त आर्थिक विवरणहरु सर्वसम्मतिले पारित गर्ने निर्णय भयो।

ग. लेखापरीक्षण ऐन २०४८ संसोधन सहितको ब्यवस्था अनुरुप कम्पनीको बाह्य लेखापरीक्षकको नियुक्तिका लागि महालेखापरीक्षकको कार्यालयको परामर्श आवश्यक पर्ने भई परामर्श माग गरिएकोमा महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षक चार्टर्ड एकाउण्टेन्ट श्री प्रतिक खनाल एण्ड एसोसिएट्स

चार्टर्ड एकाउण्टेण्टको नाम सिफारिस भई आएको व्यहोरा सभालाई जानकारी गराइयो । यस सम्बन्धमा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम सोही ऐन बमोजिम गठित लेखापरीक्षण समितिले लेखापरीक्षकको नियुक्ति सम्बन्धमा गरेको सिफारिसको जानकारी गराउँदै लेखापरीक्षण समितिको तर्फबाट कम्पनीको आ.व. २०७६/०७७ को बैधानिक लेखापरीक्षणको लागि लेखापरीक्षक चार्टर्ड एकाउण्टेन्ट श्री प्रतिक खनाल एण्ड एसोसिएट्स चार्टर्ड एकाउण्टेण्टलाई नै नियुक्त गर्न प्रस्ताव गर्ने निर्णय भएको व्यहोरा सभा समक्ष प्रस्तुत गरियो । लेखापरीक्षकको पारिश्रमिकका सम्बन्धमा (मूल्य अभिबृद्धि कर बाहेक) रु.१,७५,०००/- (एक लाख पचहत्तर हजार) पारिश्रमिक निर्धारण हुन लेखापरीक्षण समितिबाट सिफारिस भएको कुरा पनि सभामा जानकारी गराइयो । प्रस्तुत प्रस्तावमा छलफल गरी सभाले आ.व. २०७६/०७७ को कम्पनीको हिसाब किताबको बैधानिक लेखापरीक्षण गर्न प्रस्ताव गरिए बमोजिम लेखापरीक्षक चार्टर्ड एकाउण्टेन्ट श्री प्रतिक खनाल एण्ड एसोसिएट्स चार्टर्ड एकाउण्टेण्टलाई नियुक्त गर्ने र लेखापरीक्षण शुल्क वापत (मु.अ.क. बाहेक) रु. १,७५,०००/- (एक लाख पचहत्तर हजार) पारिश्रमिक तोक्ने पनि सर्वसम्मतिबाट निर्णय भयो ।

घ. यस कंपनीको नियमावलीको नियम १८ को उपनियम (६), नियम २३ को उपिनयम (१) र (२ ) र नियम २७ का उपनियम (२) र (६) तथा नियम ३६ का उपनियम (१) (२) र (३) मा संशोधन गर्न आवश्यक भएकाले सोहि बमोजिम स्वीकृतिको लागि बिशेष प्रस्ताव सभा समक्ष पेश गरियो । प्रस्तुत बिशेष प्रस्ताबमाथि छलफल हुँदा कम्पनीका नियमावलीमा प्रस्ताब गरिए बमोजिम नै संशोधन गर्न स्विकृत गर्ने सर्बसम्मत निर्णय भयो । नियमनकारी निकायमा पेश गर्दा कुनै कुरा सच्याउन वा परिमार्जन गर्न आवश्यक परेमा सच्याउन तथा परिमार्जन गरी पेश गर्न सञ्चालक समितिलाई अख्तियारी दिने पनि निर्णय भयो । साधारण सभाबाट पारित नियमावलीका संशोधनका तिनमहले सम्लग्न अनुसूचीमा दिइएको छ ।

५. **<u>साधारण सभा समापन भएको घोषणाः</u>**

कम्पनीका अध्यक्षज्यूले शेयरधनी महानुभावले सुझाव / सल्लाह दिई कम्पनीलाई मार्गदर्शन गरिदिनु भएकोमा धन्यवाद दिंदै शेयरधनीको सल्लाह, सुझाव अनुसार कम्पनीले आफ्नो कार्य गर्दै जाने विश्वास दिलाउनुका साथै सभामा उपस्थित भई सभा सुचारु रुपले सम्पन्न गर्न सहयोग गरिदिनु भएकोमा पुनः सबैलाई धन्यवाद दिंदै सभा समापन भएको घोषणा गर्नु भयो ।

| | |
|---|---|
| (सुशान्त बास्तोला)<br>कम्पनी सचिव | (मनोज सिल्वाल)<br>अध्यक्ष |